# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०८।०७ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी चन्द्रसिंह लामासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दर्ता भएको सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी चन्द्रसिंह लामासमेत भएको मुद्दामा :

**प्रतिवादीहरु चन्द्रसिंह लामा, संगिता चौलागाई, माधवप्रसाद चौलागाईले** आपसी मिलोमतोमा निज प्रतिवादीहरुको संयुक्त दस्तखतबाट उक्त उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड बनेपामा रहेको खातामा बदनियतपूर्वक उक्त सामुदायिक वनको अनियमित रुपमा रकम झिकि झिक्न लगाई नेपाल सरकार/सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही तथा बदनियत गरी हिनामिना तथा दुरुपयोग गरे गराएर निजी प्रयोगमा लगाई लगाउन दिई प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरु उपर बिगो रु.९,१३,२८०।९० कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिमको सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो रकम निज प्रतिवादीहरुबाट असुल उपर हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८१।०२।२३ को फैसलाबाट सफाई दिएको-:

- प्रतिवादीहरुले धारापानी हिले सामुदायिक वन उपभोक्ता समूहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको मौजदात रकम बैंकको खातामा नराखी आफैं चलाई रकम हिनामिना गरेको साथै उक्त दावीको रकम प्रतिवादीहरुले खाई मासेको भन्ने बदनियत पुष्टि हुन सक्ने नदेखिएको,
- प्रतिवादीहरुले आफूले गैरकानूनी लाभ र संस्थालाई हानि पुऱ्याउने वदनियतले कार्य गरेको भन्ने अवस्था स्थापित हुन नसकेको तथा संस्थाको के कति सम्पत्ति हानि नोक्सानी भएको हो बस्तुनिष्ठ प्रमाणले पुष्टि हुन सक्ने नदेखिएको,

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०८।०७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ भन्ने कानूनी व्यवस्था रहेको र प्रस्तुत मुद्दामा धारापानी हिले सामुदायिक वन ऐन, २०७६ को दफा ३२ बमोजिम गठित सार्वजनिक उपभोक्ता समूह रहेको यी प्रतिवादीहरु सो संस्थाको निर्वाचित पदाधिकारी रहेकोले राष्ट्रसेवकको परिभाषा भित्र पर्ने भई सोही ऐनको

दफा १७ आकर्षित हुने साथै धारापानी सामुदायिक वन उपभोक्ता समितिको आ.व. २०७४।०७५ देखि आ.व. ०७९/०८० सम्मको लेखा परीक्षण प्रतिवेदनबाट खातामा रु.३८,१४,९९७.१५ हुनुपर्नेमा जम्मा रु.२९,०१,७१७।०५ मौजदात रहेकोले फरक रकम रु.९,१३,२८०.९० प्रतिवादीहरुले आफुखुशी लिई हिनामिना गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजहरुवाट पुष्टि भईरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी बमोजिम सजाय हुनुपर्नेमा प्रतिवादीहरुको कुनै वदनियत नदेखिएको भनी गलत व्याख्या गरी निज प्रतिवादीलाई अभियोग मागदावीवाट नै सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको।

- धारापानी हिले सामुदायिक वन उपभोक्ता समुहको आर्थिक वर्ष २०७३/०७४ को अन्तिम मौज्दात रु.२२,०७,३३९।- रहेकोमा उक्त मौज्दात सरेर आएको रकम सहित सो पश्चातको आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७९/०८० सम्मको जम्मा आम्दानी रु.८३,८८,२१७।९५ रहेको र उक्त आ.व २०७४/०७५ देखि आ.व २०७९/०८० सम्मको उक्त सामुदायिक वनको खर्च रु.४५,७३,२२०।- रहेको । यसरी धारापानी हिले सामुदायीक वन उपभोक्ता समुहको आ.व २०७९/०८० को अन्त्यको मौज्दात रकम रु.३८,१४,९९७/९५ हुनुपर्नेमा प्रतिवादीहरुले लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएको मौज्दात रकम बैङ्कको खातामा नराखी आफै चलाई मासी हिनामिना हानिनोक्सानी गरी हाल उक्त सामुदायीक वनको खातामा जम्मा रु.२९,०१,७१७।०५ मात्र मौज्दात रहेको देखिएको हुँदा उक्त धारापानी हिले सामुदायीक वन उपभोक्ता समुहको अध्यक्ष चन्द्रसिंह लामा, सचिव संगिता चौलागाई, कोषाध्यक्ष माधव चौलागाईको संयुक्त दस्तखतबाट उक्त उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड बनेपामा रहेको खाता नं.०१५००१०००४७२१२००००01 मा उक्त सामुदायीक वनको अनियमित रुपमा रकम झिकि झिक्न लगाई विगो रु.९,१३,२८०।९० नेपाल सरकार/सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही तथा बदनियत गरी हिनामिना तथा दुरुपयोग गरी निजी प्रयोगमा लगाई लगाउन दिई भ्रष्टाचार गरेको भन्ने पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको ।
- प्रस्तुत मुद्दामा प्रतिवादीहरुले जानी जानी बदनियतका साथ लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएको मौज्दात रकम बैङ्कको खातामा नराखी आफै चलाई मासी हिनामिना हानिनोक्सानी गरेको भन्ने देखिरहेको अवस्थामा प्रतिवादीहरुको वदनियत नदेखिएको भन्ने आधार ग्रहण गरी आरोपित कसुरवाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी छ ।

प्रवक्ता<br>
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी चन्द्रसिंह लामा समेत वि.अ. कोमु.नं ०८०-CR-००६७ वि.अ.को फैसला मिति ०८१/०२/२३आयोगको पु.वे न.५११ ,निर्णय मिति ०८१।०८।६ | सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरी भ्रष्टाचार गरेको | मुद्दामा प्रतिवादीहरु चन्द्रसिंह लामा, संगिता चौलागाई, माधवप्रसाद चौलागाईले आपसी मिलोमतोमा निज प्रतिवादीहरुको संयुक्त दस्तखतबाट उक्त उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड बनेपामा रहेको खाता नं.०१५००१०००४७२१२००००01 मा बदनियतपूर्वक उक्त सामुदायिक वनको अनियमित रुपमा रकम झिकि झिक्न लगाई बिगो रु.९,१३,२८०।९० (नौ लाख तेह हजार दुई सय असी रुपैयाँ नब्बे पैसा मात्र) नेपाल सरकार/सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही तथा बदनियत गरी हिनामिना तथा दुरुपयोग गरे गराएर निजी प्रयोगमा लगाई लगाउन दिई प्रतिवादीहरु चन्द्रसिंह लामा, संगिता चौलागाई, माधवप्रसाद चौलागाईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरु चन्द्रसिंह लामा, संगिता चौलागाई, माधवप्रसाद चौलागाईलाई बिगो रु.९,१३,२८०।९० (नौ लाख तेह हजार दुई सय असी रुपैयाँ नब्बे पैसा ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिमको सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो रकम निज प्रतिवादीहरुबाट असुल उपर हुन मागदावी लिइएको। | विशेष अदालत काठमाण्डौंबाट मिति २०८१।०३।२७ मा फैसला हुँदा प्रस्तुत प्रतिवादीहरुलाई अभियोग मागदावीवाट नै सफाई हुने ठहर गरी फैसला भएको देखिन्छ।<br><br>प्रस्तुत मुद्दामा प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः<br>क) प्रतिवादीहरुले धारापानी हिले सामुदायिक वन उपभोक्ता समूहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको मौजदात रकम बैंकको खातामा नराखी आफैं चलाई रकम हिनामिना गरेको साथै उक्त दावीको रकम प्रतिवादीहरुले खाई मासेको भन्ने बदनियत पुष्टि हुन सक्ने नदेखिएको।<br>ख) प्रतिवादीहरुले आफूले गैरकानूनी लाभ र संस्थालाई हानि पुऱ्याउने वदनियतले कार्य गरेको भन्ने अवस्था स्थापित हुन नसकेको तथा संस्थाको के कति सम्पत्ति हानि नोक्सानी भएको हो बस्तुनिष्ठ प्रमाणले पुष्टि हुन सक्ने नदेखिएको। | **क.** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ भन्ने कानूनी व्यवस्था रहेको र प्रस्तुत मुद्दामा धारापानी हिले सामुदायिक वन ऐन, २०७६ को दफा ३२ बमोजिम गठित उपभोक्ता समूह रहेको र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (घ) (१) सार्वजनिक संस्था रहेको, यी प्रतिवादीहरु सो संस्थाको निर्वाचित पदाधिकारी रहेकोले राष्ट्रसेवकको परिभाषा भित्र पर्ने भई सोही ऐनको दफा १७ आकर्षित हुने साथै धारापानी सामुदायिक वन उपभोक्ता समितिको आ.व. २०७४।०७५ देखि आ.व. ०७९/०८० सम्मको लेखा परीक्षण प्रतिवेदनबाट खातामा रु.३८,१४,९९७.१५ हुनुपर्नेमा जम्मा रु.२९,०१,७१७।०५ मौजदात रहेकोले फरक रकम रु.९,१३,२८०.९० प्रतिवादीहरुले आफुखुशी लिई हिनामिना गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजहरुवाट पुष्टि भईरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी बमोजिम सजाय हुनुपर्नेमा प्रतिवादीहरुको कुनै वदनियत नदेखिएको भनी गलत व्याख्या गरी निज प्रतिवादीलाई अभियोग मागदावीवाट नै सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ ।<br>**ख.** धारापानी हिले सामुदायिक वन उपभोक्ता समुहको आर्थिक वर्ष २०७३/०७४ को अन्तिम मौज्दात रु.२२,०७,३३९।– रहेकोमा उक्त मौज्दात सरेर आएको रकम सहित सो पश्चातको आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७९/०८० सम्मको जम्मा आम्दानी रु.८३,८८,२१७।९५ रहेको र उक्त आ.व २०७४/०७५ देखि आ.व २०७९/०८० सम्मको उक्त सामुदायिक वनको खर्च रु.४५,७३,२२०।– रहेको भन्ने देखिन्छ। यसरी धारापानी हिले सामुदायीक वन उपभोक्ता समुहको आ.व २०७९/०८० को अन्त्यको मौज्दात रकम रु.३८,१४,९९७/९५(अक्षेरुपि अठ्तिस लाख चौध हजार नौ सय सन्तानव्वे रुपैया पन्चानव्वे पैसा) हुनु पर्नेमा प्रतिवादीहरुले लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएको मौज्दात रकम बैङ्कको खातामा नराखी आफै चलाई मासी हिनामिना हानिनोक्सानी गरी हाल उक्त सामुदायीक वनको खातामा जम्मा रु.२९,०१,७१७।०५(अक्षेरुपि उनान्तीस लाख एक हजार सात सय सत्र रुपैया पाँच पैसा) मात्र मौज्दात रहेको देखिएको हुँदा उक्त धारापानी हिले सामुदायीक वन उपभोक्ता समुहको अध्यक्ष चन्द्रसिंह लामा, सचिव संगिता चौलागाई, कोषाध्यक्ष माधव चौलागाईको संयुक्त दस्तखतबाट उक्त उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड बनेपामा रहेको खाता नं.०१५००१०००४७२१२००००01 मा उक्त सामुदायीक वनको अनियमित रुपमा रकम झिकि झिक्न लगाई विगो रु.९,१३,२८०।९० (अक्षरुपि नौ लाख तेह्र हजार दुई सय असी रुपैया नब्बे पैसा मात्र) नेपाल सरकार/सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | तथा बदनियत गरी हिनामिना तथा दुरुपयोग गरी निजी प्रयोगमा लगाई लगाउन दिई भ्रष्टाचार गरेको भन्ने पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी के कति सम्पत्ति हानि नोक्सानी भएको हो बस्तुनिष्ठ प्रमाणले पुष्टि हुन सक्ने नदेखिएको भन्ने आधार ग्रहण गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ ।<br>**ग.** प्रतिवादीहरुको बदनियत भन्ने शब्दले कुनै काम गर्दा पछाडिको नराम्रो उद्देश्य वा गलत मनसायलाई बुझाउँछ। यसको अर्थ कुनै काम गर्दा सतही रूपमा देखिने कुराभन्दा फरक, लुकेको र हानिकारक उद्देश्य हुनुपर्ने र यसमा कुनै कामलाई क्षति पुर्‍याउने मनसाय अरूलाई ठग्ने वा फाइदा लिन खोज्ने मनसाय कानुन विपरीतको काम गर्ने मनसाय वा अरूलाई हानि पुर्‌याउने मनसाय रहे भएको भन्ने अवस्थालाई वुझाउँछ प्रस्तुत मुद्दामा प्रतिवादीहरुले जानी जानी बदनियतका साथ लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएको मौज्दात रकम बैङ्कको खातामा नराखी आफै चलाई मासी हिनामिना हानिनोक्सानी गरेको भन्ने देखिरहेको अवस्थामा प्रतिवादीहरुको वदनियत नदेखिएको भन्ने आधार ग्रहण गरी आरोपित कसूरवाट सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी छ । |